## कार्यपालिकाको ६३ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष
## मिति २०८२ साल असार महिनाको १८ गते बुधबार
### अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष
२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष
३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १
४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २
५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३
६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५
८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६
९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७
१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य
११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य
१२. श्री देवी पटेल - कार्यपालिका सदस्य
१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य
१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य
१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य
१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

. सावित्री गर्बुजा पुन - रो.ले./प्रशासन शाखा

प्रस्तावहरुः-

१) जग्गाको रजिष्ट्रेशन दररेट सम्बन्धमा ।

२) करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

३) यातायात गुरुयोजना, संक्षिप्त वातावरणीय अध्ययन र जोखिम संवेदनशील भु- प्रयोग योजना सम्बन्धमा ।

४) छुट भएका जग्गाको लगत सम्बन्धमा ।

५) विविध ।

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मालिका गाउँपालिका भित्रका जग्गाहरुको रजिष्ट्रेशन प्रयोजनका लागि तपसिल बमोजिमको जग्गा दररेट निर्धारण गर्ने सर्वसम्मत् निर्णय गरियो ।

| सि.नं. | विवरण | वडा | प्रति रोपनी दररेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | साङ्गोबोट, रिठेचौर, बास्बोट, भट्टखोला, छिस, घोर्सी, कोदालीबाङ्ग, औरुङ्ग हुँदै गाउँफाँट जाने मुल सडकको दाँया बाँयाको घडेरी योग्य जग्गा | १ | १०००००० | |
| २ | साङ्गोबोट, रिठेचौर, बास्बोट, भट्टखोला, छिस, घोर्सी, कोदालीबाङ्ग, औरुङ्ग हुँदै गाउँफाँट जाने मुल बाटो बाहेक शाखा मोटरबाटोको दाँया बाँयाको घडेरी योग्य जग्गा | १ | ५००००० | |
| ३ | खोप्टी सिरेदी, दाँस, केश, ओखरबोट, मुन्वाङ्ग, मल्कवाङ्ग, चेर्पली, गाउँफाँट, झाम्टाबोट, बराहताल, ताराखोला मुल सडकको दाँया बाँयाको घडेरी योग्य जग्गा | १ | १२००००० | |
| ४ | खोप्टी सिरेदी, दाँस, केश, ओखरबोट, मुन्वाङ्ग, मल्कवाङ्ग, चेर्पली, गाउँफाँट, झाम्टाबोट, बराहताल, ताराखोला शाखा सडकको दाँया बाँयाको घडेरी योग्य जग्गा | १ | ६००००० | |
| ५ | धुल्बाङ्ग, बिल्बाङ्ग, खबाङ्ग क्षेत्रको मोटरबाटोले छोएको घडेरी | २ | ८००००० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | रुम गाउँफाँट मोटरबाटोले छोएको घडेरी | २ | ९९५००० | |
| ७ | बेली,जेम,घाङ्लेपानी,नरन्चौर,भिरखर्कको घडेरी | २ | ८००००० | |
| ८ | अधिभारा-डाँडागाउँ-किटेनी-सोले-बाग्लुङ जाने मोटरबाटोको दाँया बाँयाको जग्गा | ३ | १५००००० | |
| ९ | वडा स्तरिय शाखा मोटरबाटोले छोएको जग्गा | ३ | ८००००० | |
| १० | दरवाङ्ग देखि सावटा जाने मोटरबाटोले छोएको जग्गा | ६ | ९००००० | |
| ११ | सिमलधारा, थापाचौर, फेदी मोटरबाटोले छोएको जग्गा | ५ | २६००००० | |
| १२ | सिमलधारा, ओखलढुङ्गा, मगरदाङ्ग, पन्थोक, जुग्गा मुल सडकको दाँया बाँया पर्ने घडेरी योग्य जग्गा | ५ | २०००००० | |
| १२ | मुल सडक बाहेकका शाखा मोटरबाटोले छोएको घडेरी योग्य जग्गा | ५ | १५००००० | |
| १३ | दरवाङ्ग देखि लामेला जाने मोटरबाटोले छोएको जग्गा | ६ | ५००००० | |
| १४ | दिच्याम दुखु मोटरबाटोले छोएको घडेरी योग्य जग्गा | ६ | ५००००० | |
| १५ | दुखु बेसी मोटरबाटोले छोएको घडेरी योग्य जग्गा | ६ | ९००००० | |
| १६ | दुखु बेसी देखि दुखुलेक जाने मोटरबाटोले छोएको घडेरी योग्य जग्गा | ६ | ५००००० | |
| १७ | दरवाङ्ग बजार पक्की पुल देखि भ्याउनी खोल्सा सम्म भिर पहरा बाहेक मोटरबाटोले छोएको जग्गा | ६ | २९००००० | |
| १८ | दरवाङ्ग देखि दिच्याम जाने बिचको मोटरबाटोले छोएको घडेरी योग्य जग्गा | ६ | ५००००० | |
| १९ | खारा, लुरवाङ्ग, भारबाङ्ग, दुलेओडार, अर्कला, बाइन्नाफाँट, अस्तबाङ्ग, नौरुङ मोटरबाटोको दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ८००००० | |
| २० | बिम गाउँको सडकले छोएको दाँयाँ बाँयाको घडेरी योग्य जग्गा | ७ | १०००००० | |
| २१ | डाँडागाउँ क्षेत्रको सडकको दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ८००००० | |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरवाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २२ | ढुनोट सानिम क्षेत्रमा सडकको दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ८००००० | |
| २३ | सोरवाङ्ग क्षेत्रको सडक दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ५००००० | |
| २४ | बराहताल, काउले, भारकुर क्षेत्रको सडकको दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ५००००० | |
| २५ | दामदुङ, काउरा, बन्सार क्षेत्रको सडकको दाँयाबायाँको घडेरी योग्य जग्गा | ७ | ७००००० | |

वडा नं. ४ जग्गा दररेटका लागि आ.व. २०८१/०८२ मा कायम दररेटमा १०% वृद्धि गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मालिका गाउँपालिका अन्तर्गत कार्यरत करार रोजगार सहायक पद बाहेक अन्य करार कर्मचारीहरुको म्याद आ.व. २०८२/०८३ पौष मसान्त थप गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको निर्णय बमोजिम तयार भएका यातायात गुरुयोजना, संक्षिप्त वातावरणीय अध्ययन र जोखिम संवेदनशील भु- प्रयोग योजना पारित गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मालिका गाउँपालिका अन्तर्गतका दलित भुमिहिन सुकुमबासि जग्गा दर्ता गर्न छुट भएका जग्गाको लगत दर्ता गर्नका लागि सूचना प्रकाशन गर्न भूमि समस्या आयोगमा पत्राचार गर्ने निर्णय गरियो ।

५. उद्योग वाणिज्य संघले म्याग्दी महोत्सव तथा माघेसंक्रान्ति मेलामा भएको खर्च बिल अन्य संघ संस्था सहयोग खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिका वेनी-दरवाङ सडक निर्माण गर्ने क्रममा सहजिकरण गर्दा गाउँपालिकाका पदाधिकारी माथि लागेको मुद्दाको उच्च अदालत बागलुङ इजलासमा बहस गर्दा लागेको नियमानुसारको रकम उपयुक्त खर्च शिर्षक हेरी भुक्तानी गर्ने निर्णय गरियो ।

७. वडा नं. ४ को फुलबारी नर्सरी देखि महभिर हुँदै स्वास्थ्य चौकी मिल सम्म बाटो सफा गर्ने कार्य प्राविधिक लागत अनुमान अनुसारको रकम वडा नं. ४ को विपद् शिर्षक पुगेसम्म सोही शिर्षकबाट खर्च लेख्ने र उक्त शिर्षकबाट नपुग हुन गएमा नपुग रकम गाउँपालिकाको विपद शिर्षकबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो ।

८. वडा नं. ३ को अरिभारा डाँडागाउँ हुँदै औलो, बेली हुँदै रुम गाउँ सम्मको मोटरबाटो सफा गर्ने कार्य प्राविधिक लागत अनुमान अनुसारको रकम वडा नं. २ को विपद् शिर्षकमा पुगेसम्म सोही शिर्षकबाट भुक्तानी दिने र रकम अपुग हुन गएमा गाउँपालिकाको विपद् शिर्षकबाट नपुग रकम भुक्तानी दिने निर्णय गरियो ।

९. पत्राकार महासंघ म्याग्दीद्वारा यस गाउँपालिका सम्बन्धि तयार गरिएको डकुमेन्ट्री बापतको रकम अन्य संघ संस्था सहयोग शिर्षकबाट खर्च लेखी भुक्तानी गर्ने निर्णय गरियो ।

१०. मालिका गाउँपालिका वडा नं. ४ ओखरबोट निबासि मैकुते पटेल घाँस काट्ने क्रममा भिरबाट लडि घाईते भएकोले उपचार बापदको रकम रु १५,००० उपयुक्त शिर्षक हेरि भुक्तानी दिने निर्णय गरियो ।

११. मालिका गाउँपालिका वडा नं. ४ स्थित सोले डाँडा सडक सफा गर्नका लागि डिजेल प्रयोग बापतको बिल रकम रु. १०,२००/- उपयुक्त शिर्षक हेरी भुक्तानी गर्ने निर्णय गरियो ।

१२. मिति २०८०/०६/१२ गतेका कार्यपालिकाको बैठक निर्णयानुसार मिति २०८०/०६/०८ गते पहिरोमा परी वडा नं. २ निवासी तर्थ बहादुर वि.क.को मृत्यु भएकोले निजको परिवारलाई आर्थिक सहयोग बापत विपद् शिर्षकबाट रु. २५०००/- (अक्षरुपी पच्चीस हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय भएकोमा हाल सम्म निजले कुनै आर्थिक सहयोग प्राप्त गर्न नसकेकोले आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार मालिका गाउँपालिका वडा नं. २ अन्तर्गतको विपद् व्यवस्थापन शिर्षकबाट निजको परिवारलाई आर्थिक सहयोग स्वरुप रु. २५०००/- (अक्षरुपी पच्चीस हजार रुपैंया मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।